# मिक्लाजुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ
१ नं. प्रदेश, नेपाल

## आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि शिलबन्दि बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७।०३।२८

मिक्लाजुङ गाउँपालिकाबाट स्वीकृत यस गा.पा.को आर्थिक ऐन २०७७ बमोजिम गाउँपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व. ०७७।०७८ का लागी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपसिलमा समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दि बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । अन्य विस्तृत जानकारीका लागी कार्यालयको वेवसाइड : **www.miklajungmunmorang.gov.np** वा कार्यालयको सूचना पाटीमा हेर्नु हुन वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्काको विवरण**

| ठे.न. | विवरण | न्युनतम ठेक्का अंक रु (वार्षिक मुल्य अभिबृदि कर बाहेक) | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | चौपाया (पशु) हाट बजार सेवा शुल्क | १८,००,००० | १००० | ३० औं दिन २०७७।०४।२६ गते सम्म | ३१ औं दिन २०७७।०४।२७ गते १२:०० बजे | ३१ औं दिन २०७७।०४।२७ गते २:०० बजे |
| २. | पुर्वाधार उपयोग शुल्क<br>• मधुमल्ला नाका<br>• आइतबारे नाका<br>• धोवेनी नाका<br>• खोलीटार नाका | १५,००,००० | १००० | ३० औं दिन २०७७।०४।२६ गते सम्म | ३१ औं दिन २०७७।०४।२७ गते १२:०० बजे | ३१ औं दिन २०७७।०४।२७ गते २:०० बजे |
| ३. | दैनिक अस्थायी हाट बजार सेवा शुल्क<br>• मधुमल्ला बजार<br>• धोवेनी बजार<br>• खोलिटार बजार<br>• आइतबारे बजार | ४,००,००० | १००० | १५ औं दिन सम्म २०७७।०४। ११ गते | १६औं दिन २०७७।०४।१२ गते १२:०० बजे | १६औं दिन २०७७।०४।१२ गते २:०० बजे |
| ४. | निकासी कर | ६,००,००० | १००० | १५ औं दिन सम्म २०७७।०४। ११ गते | १६औं दिन २०७७।०४।१२ गते १२:०० बजे | १६औं दिन २०७७।०४।१२ गते २:०० बजे |

**शर्तहरु :**

१. शिलबन्दि बोलपत्र साथ रु. १० को टिकट टाँसी आफूले कवोल गरेको ठेक्का अंकको नेपाली नागरीक भए ५% धरौटी बापत रकम मिक्लाजुङ गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालयको एन.एम.बी.बैंक मधुमल्लामा रहेको ग-३ स्थानिय तह धरौटी खाता नम्वर ०६१००५८२१३००००६१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ ।

२. शिलबन्दि बोलपत्र साथ बोलपत्रवालाको व्यक्तीको हकमा नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ । संस्थाको हकमा आन्तरिक राजश्व कार्यालयवाट प्राप्त गरेको स्थायी लेखा नम्बर को प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, तथा आ.व. ०७५/७६ को आयकर चुक्ता प्रमाण पत्र समेत शिलबन्दी दरभाउपत्र साथ पेश गर्नू पर्नेछ ।

३. शिलबन्दि बोलपत्र फारम दस्तुर ठेक्का नं. १ देखी ४ सम्मको लागी रु. १००० (फिर्ता नहुने गरी) बोलपत्र फारम मिक्लाजुङ गा.पा. गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखाबाट रसिद काटी वा मिक्लाजुङ गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालयको एन.एम.बी.बैंक मधुमल्लामा रहेको ग-१-१ आन्तरिक राजश्व खाता नम्वर ०६१००५८२१३०००००१३ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गरि राजश्व शाखा बाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

लोचनप्रसाद दाहाल
प्रमुख प्रशासकिय अधिकृत

४. शिलबन्दि बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सूचना प्रकाशित भएको मितिले ठेक्का नम्वर १ र २ को हकमा ३० औं दिन (२०७७।०४।२६ गते) सम्म शिलबन्दि बोलपत्र खरिद गर्न सकिने र ३१ औं दिन (२०७७।०४।२७ गते) दिनको १२:०० बजे सम्म दर्ता गराउन सकिनेछ । ठेक्का नम्वर ३ र ४ को हकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०७७।०४।११) सम्म शिलबन्दि बोलपत्र खरिद गर्न सकिने छ । र १६ औं दिन (२०७७।०४।१२ गते) दिनको १२:०० बजे सम्म दर्ता गराउन सकिनेछ । शिलबन्दि बोलपत्र ठेक्का नम्वर १ र २ को हकमा ३१ औं दिन (२०७७।०४।२७ गते) दिनको ठिक २:०० बजे यस गा.पा. कार्यालयमा खोलिने छ । साथै शिलबन्दि बोलपत्र ठेक्का नम्वर ३ र ४ को हकमा १६ औं दिन (२०७७।०४।१२ गते) दिनको ठिक २:०० बजे यस गा.पा. कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फारम उपर कुनै कारबाही हुने छैन ।

६. शिलबन्दि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

७. ठेक्का रकम लाई किस्तामा बूझाउनका लागि पहिलो किस्ता ६० प्रतिशत, तथा अन्तिम किस्ता ४० प्रतिशत गरी विभाजन गरिने छ । यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता रकम सम्झौता गर्दा कै बखतमा र अन्तिम किस्ता वरावरको ४० प्रतिशत रकम पौष मसान्त भित्रमा वूझाउनू पर्ने छ । अन्तिम किस्ता वरावरको रकमको हकमा २०७८ आषाड मसान्त सम्म अवधि रहेको बैक ग्यारेन्टी सम्झौता गर्दा कै बखतमा पेश गर्नु पर्ने छ । एकमूष्ट रकम वूझाउन चाहनेले एकमूष्ठ रकम कवोल अंकमा मु.अ.कर बाहेकको ठेक्का रकममा १० प्रतिशतले ले हून आउने रकम छुट दिइने छ ।

८. दर्ता भएका शिलबन्दि बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा मिक्लाजुङ गा.पा. गाउँ कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ र बोलपत्र दर्तावाला वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पर्ने छैन ।

९. गाउँपालिकाले तोकि दिएको दरं रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्नेछ ।

१०. अन्य जानकारीको लागी मिक्लाजुङ गा.पा. गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा कार्यालय समय भित्र टेलिफोन नं. ०२१-४०००01 मा सम्पर्क राख्न सकिनेछ ।

११. वार्षिक ठेक्का रकम बाँकी अवधिको लागी स्वीकृत भएको दिन देखी दामासाहीले लागु हुनेछ । विपद वा माहामारीको कारण ठेक्का संम्झौता भएर पनि अशुल उपर गर्न बाधा परेमा प्रचलित ऐन नियम र गाउँ सभा को निर्णय बमोजिम हुनेछ ।

नोट : शिलबन्दि बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलबन्दि बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट दर्ता हुने तथा खालिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

लोचनप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत